आज मिति २०७९ साउन ३० गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ५(पाँचौ) कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

५ औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ श्रावण ३० गते

१। चौथो कार्यपीलिका बैठकले गरेका निर्णयहरुको समिक्षा
२। साझेदारी सम्बन्धी ऐन तथा कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,
३। जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यविधि स्वीकृति गर्ने सम्बन्धमा,
४। राष्ट्रिय आबास कम्पनीको जग्गा नापचाज गराउन कम्पनीमा अनुरोध गर्ने सम्बन्धमा,
५। राष्ट्रिय आबास कम्पनीको जग्गाको न्यूनतम मुल्य निर्धारणका लागि जिल्ला जग्गा व्यवस्थापन समितिलाई अनुरोध गर्ने,
६। कानुनी सल्लाहाकारमा गणेश सापकोटालाई नियुक्ती गर्ने र निजलाई नगरपालिकाको तर्फबाट मुद्दा हेर्ने अधिकार दिने,
७ नगरपालिकाको कृषि विकास योजना/रणनीति तयार गर्न विज्ञको परामर्श सेवा लिने,
८। आ.व. ०७८/०७९ को बार्षिक प्रगति समिक्षा गरी प्रतिवेदन तयार पार्ने,
९। फोहरमैला व्यवस्थापनका लागि उपयुक्त साझेदार संस्थाको खोजी गर्ने,
१०। ट्रमा सेन्टरका लागि जग्गा उपलब्ध गराउन शिफारिश गर्ने,
११। देबचुली केबलकार निर्माणका लागि सम्भाव्यता अध्ययन गराउने,
१२। देवचुली नगरपालिका भित्र बग्ने खोलानालाबाट निस्कने नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि बातावरणीय परीक्षण (IEE) गर्ने,
१३। नगरपालिका भित्रको व्यवसाय कर तथा बहाल कर असुलीका लागि देबचुली उद्योग बाणिज्य संघसंग साझेदारी गर्ने,
१४। चक्रपथ निर्माण लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने,
१५। एक वडा एक जेष्ठ नागरिक दिवा विश्राम स्थल निर्माणका लागि प्रकृया अगाडी बढाउने,
१६। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि विद्यालय शिफारिश सम्बन्धमा,
१७ नगरपालिकाको दररेट स्वीकृत गर्ने सम्बन्धमा,

देवचुली नगरपालिकाको पाचौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। चौथो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।
२। विधायन समितिबाट स्वीकृत भै कार्यपालिका समक्ष पेश भएका देहायका ऐन तथा कार्यविधिहरु स्वीकृत गर्ने ।

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २६ बमोजिम साझेदारी वा संयुक्त व्यवस्थापनमा काम गर्न सहजीकरणका लागि "साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने,



मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

(ग) जेष्ठ नागरिकलाई स्वास्थ्य सेवा तथा परामर्श उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने

(घ) घास खेती गर्ने किसानहरुलाई गोबरमलमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने

(ङ) संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७९

३। देवचुली नगरपालिका भित्र राष्ट्रिय आवास कम्पनी लि. (साविक पुर्नबास कम्पनी लि.) को क्षेत्राधिकार भित्र रहेको जग्गा नाप नक्साङ्कन हुन छुट भएको र उक्त जग्गामा अव्यवस्थित रुपमा व्यक्तिहरु बसोबास गर्दै आइरहेकोमा लामो समयसम्म उक्त समस्याको कुनै सुनुवाई नभएकोले तत्काल जग्गाको नाप नक्सा गरी त्यस्ता अव्यवस्थित बसोबासीलाई कम्पनीको नियमानुसार जग्गा धनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराई दिने व्यवस्थाका लागि राष्ट्रिय आवास कम्पनीलाई अनुरोध गर्ने ।

४। देवचुली नगरपालिकाको स्वीकृत दरबन्दी संरचनामा कानुन सहायकको पद भएपनि हालसम्म पदपुर्ति हुन नसकेको हुनाले नगरपालिकाको नाममा विभिन्न अदालतमा पर्ने मुद्दाको बहस, पैरवी गर्न एकजना कानुनी सहजकर्ता आवश्यक परेकोले सेवा करार अन्तर्गत प्रगति ल फर्म संग सेवा करार गर्ने र उक्त फर्मका गणेश सापकोटालाई नगरपालिको नाममा पर्ने मुद्दाको लिखित जवाफ पेश गर्ने, बहस गर्ने अख्तियारी दिने । साथै यसरी सेवा गरे बापत प्रति मुद्दा रु १० हजार र जिल्ला वाहिरका अदालतमा जानुपर्दा नियमानुसार अधिकृत सरहको दैनिक भ्रमणभत्ता उपलब्ध गराउने ।

५। देवचुली नगरपालिकाको कृषि क्षेत्रको विकासका लागि कम्तीमा ५ बर्षे रणनीति तयार गर्न आवश्यक देखिएको र उक्त योजना तयार पार्न नगरपालिकाको उपलब्ध जनशक्तिबाट मात्रै सम्भव नभएकोले कृषि विकास सम्बन्धी योजना तर्जुमा गर्न विज्ञ संस्था फ्रीप्याड नेपाल प्रालि भरतपुर संग परामर्श सेवाका लागि सम्झौता गरी काम अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने । साथै परामर्श सेवा बापत रु. ६ लाख ३० हजार उपलब्ध गराउने ।

६। आर्थिक बर्ष ०७८/०७९ मा नगरपालिकाबाट संचालन भएका योजना, कार्यक्रम र आय व्ययको प्रगति समिक्षा २०७९ भाद्र दोश्रो हप्ता भित्र गर्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने ।

७। आर्थिक बर्ष ०७९/०८० को स्वीकृत बजेट नीति तथा कार्यक्रम अनुसारको कार्यान्वयन कार्ययोजना प्रत्येक शाखाले तयार गरी २०७९ भाद्र दोश्रो हप्ता भित्र पेश गर्न सबै शाखाहरुलाई निर्देशन दिने ।

८। देवचुली नगरपालिका भित्रको फोहरमैलाई बैज्ञानिक हिसावले व्यवस्थापन गरी फोहरलाई मोहरमा परिणत गर्न व्यवस्थित कार्ययोजना तयार गर्न उक्त क्षेत्रमा काम गर्ने विशेषज्ञको सेवा लिन आवश्यक भएकोले विषय विज्ञ झिकाई फोहरमैला व्यवस्थापन सम्बन्धी विस्तृत खाका कार्यपालिकामा पेश गर्न लगाउन प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेबारी दिने ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

९। नेपाल सरकारको आर्थिक बर्ष २०७९/०८० को बजेट नीति तथा कार्यक्रममा देवचुली नगरपालिका भित्र ट्रमा सेन्टर स्थापना गर्ने उल्लेख भएकोले उक्त सेन्टर स्थापनाका लागि उपयुक्त जग्गा खोजी गरी १५ दिन भित्र कार्यपालिका समक्ष सिफारिश गर्न देहायको कार्यदल गठन गर्ने ।

**तपसील**

कृष्ण बहादुर के.सी. संयोजक
एकदेव पौडेल, सदस्य
गणेश शर्मा चालिसे, सदस्य
केशवराज गौतम, सदस्य
शरदप्रसाद घिमिरे, सदस्य
होमनाथ पौडेल, सदस्य
गोपाल थापा, सदस्य
सुरेश रानाभाट, सदस्य
रामकुमार श्रेष्ठ, सदस्य सचिव

१०।आन्तरिक तथा बाह्य पर्यटक प्रबर्द्धनका हिसाबले अत्यन्त सम्भावना बोकेको देवचुली क्षेत्रमा पर्यटन गतिविधि संचालन गर्न केबलकार लगायत अन्य साहसीक पर्यटनका हिसावले के कस्तो सम्भावना रहेको छ सोको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन दिन इच्छुक नीजि क्षेत्रका कम्पनीलाई आव्हान गर्ने ।

११।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र प्रारम्भिक बातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिटी, बालुवा एवं माटोजन्य बस्तुको विक्री गर्न सक्ने प्रावधान रहेकोले देबचुली नगरपालिका भित्र रहेका खोलानालाबाट विक्री गर्न सकिने नदीजन्य पदार्थको परिमाण एकीन गर्न र सोबाट बातावरणमा पर्ने प्रभावको मुल्याङ्कनका लागि प्रारम्भिक बातावरणीय परीक्षण गर्न परामर्शदाताको सेवा लिने कार्यका लागि प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेबारी दिने ।

१२।नगरपालिका भित्रको व्यवसाय कर तथा बहाल कर असुलीका लागि देवचुली उद्योग बाणिज्य संघसंग साझेदारी गर्ने विषयमा स्थानीय राजश्व परामर्श समितिले उद्योग बाणिज्य संघसंग आवश्यक छलफल तथा परामर्श गरी सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

१३। समाजका अग्रज जेष्ठ नागरिकहरुको जीवनयापनलाई सरल, सहज बनाउदै उहाँहरुमा रहेको ज्ञान, सीप, कलालाई बर्तमान पुस्ताका युवाहरुमा हस्तान्तरण गर्दै लैजान साझा चौतारीको रुपमा सुविधा सम्पन्न जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्दै जाने गरी केन्द्र स्थापनाका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउन बडाहरुलाई अनुरोध गर्ने ।

१४।राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७९/०८० मा कार्यान्वयन हुने गरी देहायका विद्यालय शिफारिश गर्ने ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवचुली, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम चारकोठे भवन

| विद्यालयको नाम | ठेगाना | प्राथमिकता |
|---|---|---|
| श्री जनज्योती नमुना मा.वि. | वडा नं १४ | १ |
| देवचुली मा.वि. वडा | वडा नं. १६ | २ |
| पशुपति साङ्गवेद आवासिय संस्कृत मा.वि | वडा नं. १५ | ३ |
| बालकिरण आ.वि. | वडा नं. ६ | ४ |
| सकलादेवी मा.वि | वडा नं. ५ | ५ |
| जनज्योती मा.वि. | वडा नं. १५ | ६ |
| दिव्यज्योती आ.वि. | वडा नं. १२ | ७ |
| पृथ्वी मा.वि. | वडा नं. १० | ८ |
| कुमारवर्ती आ.वि. | वडा नं. १३ | ९ |

ICT ल्याव व्यवस्थापन तथा डिजिटल लाइवेरी व्यवस्थापन

| विद्यालयको नाम | ठेगाना | प्राथमिकता |
|---|---|---|
| कुमारवर्ती आ.वि. | वडा नं. १३ | १ |
| सकलादेवी मा.वि | वडा नं. ५ | २ |
| दिव्यज्योती आ.वि. | वडा नं. १२ | ३ |
| पशुपति साङ्गवेद आवासिय संस्कृत मा.वि | वडा नं. १५ | ४ |
| देवचुली मा.वि. | वडा नं. १६ | ५ |
| भीमसेन आदर्श मा.वि | वडा नं ७ | ६ |

नयाँ प्राविधिक धारका विद्यालय स्थापना

| विद्यालयको नाम | ठेगाना | प्राथमिकता |
|---|---|---|
| भीमसेन आदर्श मा.वि | वडा नं ७ | १ |
| नेपाल मा.वि. | वडा नं १ | २ |

१५। आर्थिक वर्ष २०७९/०८० मा नगरपालिका क्षेत्रभित्र हुने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि पुर्वाधार शाखाबाट तयार भै पेश भएको न्युनतम दररेट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ अनुसार स्वीकृत गर्ने ।

१६। शिक्षा ऐन अनुसार नगर कार्यपालिकाबाट तोक्नुपर्ने नगर शिक्षा समितिमा रिक्त रहेको सदस्य पदमा देहायका पदाधिकारीलाई मनोनयन गर्ने ।

भुमिसरा आले– सामाजिक विकास समिति संयोजक

मधुमाया गुरुङ्ग–कार्यपालिका सदस्य

गोपाल थापा–वडाध्यक्ष

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्योपाने
नगर प्रमुख

१७ यस नगरपालिका अन्तर्गत वडा नं. ३, ५, १२ र १३ को सिमाना हुदै बग्ने बौलाहा खोलामा महेन्द्र राजमार्गको उत्तर तर्फ वर्षादको भेलबाट बगाई ल्याएका ठुला आकारका ढुङ्गा सहित ग्रावेल थुप्रिन गई वडा नं. ३ मा अवस्थित लालिमा कृषि सहकारी संस्था लि. को सामुदायिक बिऊँ प्रशोधन तथा भण्डारण केन्द्रमा र दिव्यपुरी खानेपानी सरसफाई उपभोक्ता संस्थाको ओभरहेड ट्याङ्की रहेको स्थानमा, वडा नं. ५ को मृत्युङ सिचाई कुलो र वडा नं. १२ को रिङरोड खण्डको सडक क्षेत्रमा कटानी गरेको र वर्षातको समयमा जुनसुकै बखत खोलाले धार परिवर्तन गरी उक्त स्थानमा अझै क्षति पुऱ्याउन सक्ने अवस्था देखिएकोले खोलाको धार सोझ्याउदा निस्कन सक्ने खोलाजन्य सामाग्री अन्यत्र प्रयोग नगरी खोलाको दाँया बाँया किनारामा नै राख्ने गरी मिति २०७९/०४/३० देखि नै उक्त कार्यमा एक्जाभेटरको सहायताबाट खोलाजन्य सामाग्री पन्छाउन पर्ने भएकोले आजका मितिले ७ (सात) दिन सम्मको लागि खोलाको धार सोझ्याउने कार्यमा सहजीकरण गरिदिन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

१८। आर्थिक बर्ष २०७८/०७९ मा सम्पन्न भएका तर रकम भुक्तानी हुन बाँकी रहेका योजनाहरुको चालु आ.व.को स्वीकृत वजेटबा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने ।

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | वडा नं. २ को सडक साइटवाल निर्माण | ५०००००।० |
| २ | बाह्रकोल भाटभटेनी सडक | ५००००००।० |
| ३ | WRC Engineeing | ९९४४००।० |
| ४ | बौलाहा खोला तटबन्धन वडा नं. ३ र १३ | ६०००००।० |
| ५ | कुमारबर्ती मन्दीर वडा नं. १३ | ६०००००।० |
| ६ | कल्भर्ट निर्माण (विपद व्यवस्थापन) | ४००००।० |
| ७ | कल्भर्ट निर्माण वडा नं. ८ | ५००००।० |
| ८ | अनिशाा कन्सट्रक्सन कावासोती | ९९५८२२।० |
| ९ | मुलबाध निर्माण वडा नं. १० (विपद व्यवस्थापन) | १५००००।० |
| १० | आश्रम मार्ग निर्माण | २५००००।० |

१९। संघीय सरकार ससर्त अनुदान अन्तर्गत कृषि तथा पशु प्राविधिक र रोजगार सहायक पदमा करार नियुक्तीका लागि पारिश्रमिक उपलब्ध गराउने गरी वजेट प्राप्त भएकोले उक्त पदहरुमा नियमानुसार पदपुर्ति गर्न कार्यालयलाई निर्देशन दिने ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्योपाने
नगर प्रमुख